मंगला गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड : ७  बाबियाचौर ,म्याग्दी  संख्याः १६  मिति : २०८१ फागुन २८**

भाग–२

मंगला गाउँपालिका

## मंगला गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ (दोस्रो संशोधन, २०८१)

***प्रस्तावनाः***

मंगला गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका २०७८ लाई संशोधन गर्न वाञ्छनिय भएकोले मंगला गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम मंगला गाउँ कार्यपालिकाले यो निर्देशिका बनाइ जारी गरेको छ ।

**परिच्छेद- १**

**संक्षिप्त नाम र प्रारम्भ**

१. **सङ्क्षिप्त नाम र प्रारम्भः-**

(क) यो निर्देशिकाको नाम **"मंगला गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८" (दोस्रो संशोधन, २०८१)** रहेको छ ।

(ख) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा र व्याख्याः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) **"मुल निर्देशिका"** भन्नाले मंगला गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका २०७८ (प्रथम संशोधन सहित) लाई सम्झनु पर्दछ ।

**३. मूल निर्देशिकाको परिच्छेद ५ मा देहाय बमोजिम संशोधनः**

(क) मूल निर्देशिकाको परिच्छेद ५ दफा ९ उपदफा (१) मा बमोजिमको अनुसूची १ मा संशोधन गरी यसै निर्देशिकाको अनूसूची-१ बमोजिम कायम गर्ने ।

(ख) मूल निर्देशिकाको परिच्छेद ५ दफा १० उपदफा (१) खण्ड (ग) मा मोटरसाईकल तथा स्कूटर २०० सि. सि. सम्म को सट्टा मोटरसाईकल तथा स्कुटर कार्यालयको आवश्यकता अनुसार भनि राख्ने ।

४. **मूल निर्देशिकाको परिच्छेद-६ मा संशोधनः**

(क) मूल निर्देशिकाको परिच्छेद- ६, दफा १२ उपदफा(२) मा खण्ड ऊ र ए थप गरी देहाय बमोजिमको थप गर्ने ।

ऊ) पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख मासिक एक हजार रुपैंया ।

ए) न्यायिक समितिको सचिवालय तथा कानूनी मामिला इकाइमा खटिएका कर्मचारीको लागि मासिक एक हजार रुपैंया ।

## अनुसूची १

### नियम ९ को उपनियम (१)सँग सम्बन्धित

कर्मचारीको लागि मासिक इन्धन सुविधा

इन्धन(पेट्रोल/डिजेललिटरमा)

| क्र.सं. | तह/ पद | गाउँपालिका |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत(चारपाङ्ग्रे) | ६० |
| २ | अधिकृतस्तर (आठौं, नवौं, दशौं र एघारौं) (मोटरसाइकल/स्कुटर) | १० |
| ३ | अधिकृतस्तर ६ औ र ७ औ(मोटरसाइकल/स्कुटर) | १० |
| ४ | जुनसुकै तहका फिल्डमा खटिने पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा एवं वडा कार्यालय अन्तर्गत इन्जिनियरिङ सेवाका प्राविधिक कर्मचारी र पशुसेवा शाखामा कार्यरत प्राविधिक कर्मचारी | २० |
| ५ | गाउँपालिका अध्यक्षको स्वकिय सचिव | २० |
| ६ | सहायकस्तर(मोटरसाइकल/स्कुटर) | १० |
| ७ | सहयोगी स्तर(मोटरसाइकल/स्कुटर) | ५ |

<u>इन्धन सुविधा पाउने आधारहरु</u>

१. पदाधिकारी र कर्मचारीको लागि कार्यालयले उपलब्ध गराएको वा आफ्नै गाडी वा मोटरसाइकल हुनुपर्नेछ ।

२. महिना भरी विदामा रहेको अवस्थामा सो महिनाको इन्धन उपलब्ध गराइने छैन ।

३. मासिक कोटा इन्धन सोही महिना भित्र नलगेमा अर्को महिना थप हुने छैन ।

४. दमकल,एम्बुलेन्स र सरसफाइका साधनमा आवश्यकता अनुसार इन्धन उपलब्ध गराइनेछ ।

५. कार्यालयको सवारी साधन भएमा सर्भिसिङ्गका लागि प्रत्येक तीन महिनामा कार/जिपको लागि **पाँच लिटर** मोविल र प्रति मोटरसाईकल एक लिटर मोविल उपलव्ध हुनेछ ।

६. चारपाङ्ग्रे वा सो भन्दा ठूला साधन सञ्चालनको लगबुक भरी तोकिएको अधिकारीले प्रमाणित गरेको हुनुपर्नेछ ।

**आज्ञाले**

**गोपाल शर्मा**

**प्रमूख प्रशासकीय अधिकृत**